**मिति २०७७/०१/०७ गते बसेको मर्स्याङदी गाउँपालिकाको ५९ औं बैठकको निर्णयहरु ।**

१. कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सम्बन्धि गाउँपालिकाले हाल सम्म गरेका गतिविधिहरु बैठकमा जानकारी गरियो । समीक्षा गरियो ।

२. विश्व नै कोरोना भाइरसबाट आक्रन्त भईरहेको परिप्रेक्ष्यमा हाम्रो देश पनि यहि जटिल परिस्थितिमा गुज्रिरहेकोछ । यस विषम परिस्थितिमा पनि उच्च मनोवलका साथ दिनरात सेवामा खट्नुहुने सम्पूर्ण स्वास्थ्यकर्मीहरु, प्रहरीहरु, राजनितिक दल, सामाजिक अगुवाहरु सवैलाई गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिने निर्णय गरियो । साथै आउने दिनहरुमा यो विपतलाई पराजित गरि समुन्नत समाज निर्माणमा एकजुट भई अगाडी बढ्न सबै क्षेत्रलाई आग्रह गर्ने निर्णय गरियो ।

३. राहत वितरणलाई थप प्रभावकारी बनाउन हाल सम्म वितरण गरिएका राहत विवरणलाई अध्यावधिक गर्दै आवश्यक प्रक्रियाहरु पुरा गरि थप अति आवश्यक ज्यालादारी काम गर्ने, बाहीरी जिल्लाका मजदुरहरु र विपन्न परिवारहरु कुनै छुट्न गएमा उनीहरुलाई तत्काल राहतको व्यवस्था गर्ने निर्णय गरियो । साथै अलपत्रमा परेका मजदुरहरुको लागि आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

४. नेपाल सरकारले घोषणा गरेको लकडाउनलाई थप प्रभावकारी बनाउन सवै तह र तप्काबाट आवश्यक सहयोग र समन्वय गर्ने निर्णय गरियो । पालिका भित्र प्रवेश गर्नेहरु, एक वडाबाट अर्को वडामा प्रवेश गर्नेहरु र एक गाउँबाट अर्को गाउँमा प्रवेश गर्नेहरुलाई सम्बन्धित वडा, गाउँ वस्तिका वासिन्दाहरुसँगको समन्वयमा कडाईका साथ निगरानी गर्ने र व्यवस्थापन गर्ने निर्णय गरियो ।

५. स्थानियस्तरमानै कामदार, निर्माण सामाग्री र प्राविधिक सहयोग उपलब्ध हुनसक्ने प्रकृतिको निर्माण योजनाहरुको हकमा सामाजिक दुरी कायम गर्दै आवश्यक सतर्कता अप्नाउदै बिस्तारै निर्माणका कामहरुलाई खुकुलो बनाउने निर्णय गरियो । तर यो संक्रमणको परिस्थिति अरु थप जटिल बन्ने अवस्था सिर्जना भएमा जनताको सुरक्षा पहिलो प्राथमिकतामा पर्ने भएकोले कुनै पनि बेला आकस्मिक निर्णय गरिनेछ र तत्काल कार्यन्वयन गरिनेछ ।

६. यस गाउँपालिका अन्तर्गत वडा नं. ७ मा रहेको भुलभुले स्वास्थ्य चौकीको रिक्त १ जना अ.न.मी.को करार पदपूर्तिका लागि दरखास्त आह्वान गर्ने निर्णय गरियो ।

७. यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु र विभिन्न शाखाहरु मार्फत गरिनु पर्ने खरिद प्रकृयालाई व्यवस्थित गर्न आवश्यक समन्वय, अनुगमन, गुणस्तार निरिक्षण लगायतका कामहरु गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने निर्णय गरियो ।

१) संयोजक - होम बहादुर बि.क., उपाध्यक्ष

२) सदस्य - प्रबेश पौडेल, लेखा अधिकृत

३) सदस्य - सम्बन्धित शाखा प्रमुख/सम्बन्धित वडा सचिव

८. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- धन बहादुर गुरुङ, मर्स्याङ्दी -३, रु. १०,०००।- (मुटु रोगी)
- शेर बहादुर भण्डारी, मर्स्याङ्दी -३, रु.१५,०००।- (क्यान्सर रोगी)
- नौले गुरुङ, मर्स्याङ्दी -४, रु. ५,०००।- (विपन्न)
- बुधि सरी गुरुङ, मर्स्याङ्दी -४, रु.२०,०००।- (मृगौला रोगी)
- मन सुब्बा तामाङ, मर्स्याङ्दी -४, रु. १०,०००।- (मुटुरोगी)
- विशाल बि.क., सुकमाया गुरुङ, मर्स्याङ्दी -५, रु. २०,०००।- (क्यान्सर)
- सुकमाया गुरुङ, मर्स्याङ्दी -५, रु. १५,०००।- (शरीरमा आगलागी भएको)
- सुकमान परियार, सुकमाया गुरुङ, मर्स्याङ्दी -६, रु. १०,०००।- (नशा सम्बन्धि विरामी)
- डिल बहादुर गुरुङ, सुकमाया गुरुङ, मर्स्याङ्दी ६, रु. १०,०००।- (विरामी विपन्न)
- समुन्द्रा परियार, सुकमाया गुरुङ, मर्स्याङ्दी -८, रु. ५,०००।- (विपन्न)

९. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको विपद व्यवस्थापन कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- विवा सार्की, मर्स्याङ्दी -३, रु. ५,०००।- (आगालागी)